## सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) (४) र सूचनाको हक सम्वन्धी नियमावली २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।

(सार्वजनिक गरिएको अवधि : आ.व. ०८२/८३ को चौथो त्रयमास, २०८३ बैशाखदेखि २०८३ आषाढ मसान्तसम्म)

१. **निकायको स्वरूप र प्रकृति**: कम्पनी ऐन,२०६३ बमोजिम कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकवाट "ग" वर्गको इजाजत पत्र प्राप्त गरी वित्तीय संस्थाको रूपमा सञ्चालित वित्तीय संस्था ।

२. **निकायको काम, कर्तव्य र अधिकार**: बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशिकाहरू तथा अन्य प्रचलित ऐन नियम तथा कानूनमा व्यवस्था भए बमोजिमका काम कर्तव्य र अधिकारहरूको प्रयोग गरि आफ्नो काम कारोवार सञ्चालन गरिआएको छ ।

३. **निकायमा रहेको कर्मचारी संख्या र कार्य विवरण**: यस अवधिमा यस वित्तीय संस्थामा स्थायी र करारमा कार्यरत कर्मचारीको संख्या १६७ रहेको छ । व्यवस्थापन समूहको सदस्यहरूको नाम वित्तिय संस्थाको वेवसाइटमा हेर्न सकिनेछ ।

४. **निकायवाट प्रदान गरिने सेवा**: बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम "ग" वर्गको इजाजतपत्र प्राप्त संस्थाले दिन सक्ने सम्पूर्ण बैकिङ्ग सेवाहरू प्रदान गर्दछ ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**: यस वित्तीय संस्थाको सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरूको विवरण वेवसाईटमा उपलब्ध छ ।

६. **सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि**: वित्तीय संस्थाले प्रदान गर्ने विभिन्न प्रकारको सेवाको शुल्क तथा सोसँग सम्बन्धित आवश्यक अन्य सम्पूर्ण विषय वस्तुहरू वित्तीय संस्थाको वेवसाइट www.centralfinance.com.np मा प्रकाशित गरिएको छ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी**: यस वित्तीय संस्थामा बैंकिंङ्ग कारोवारका सम्वन्धमा विषयको गाम्भीर्यताका आधारमा संस्थाको सांगठनिक स्वरूप अनुसार विभिन्न तहका अधिकारीहरूले विभिन्न प्रकारका निर्णयहरू गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

८. **निर्णय उपर उजुरी सन्ने अधिकारी**: यस वित्तीय संस्थाको सांगठनिक स्वरूप अनुसार विभिन्न तहका अधिकारीहरूले गरेका विभिन्न प्रकारका निर्णयहरू उपरको अन्तिम निर्णयकर्ताको रूपमा प्रमुख कार्यकारी अधिकृत तथा वित्तीय संस्थाको सञ्चालक समिति रहेको छ ।

९. **सम्पादन गरेको कामको विवरण**: बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम "ग" वर्गको संस्थाहरूले गर्न सक्ने सम्पूर्ण बैकिङ्ग कारोवारहरू नै यस वित्तीय संस्थाले सम्पादन गर्दै आईरहेको छ ।

१०. **गुनासो तथा उजुरी सुनुवाई गर्ने अधिकारी, सूचना अधिकारी र प्रमुखको नाम, पद र ठेगाना**:

क) गुनासो तथा उजुरी सुनुवाई गर्ने अधिकारी :

केन्द्रीय कार्यालयका कम्पनी सचिव तथा कर्जा प्रशासन विभागका प्रमुखलाई गुनासो सुन्ने अधिकारीको जिम्मेवारी समेत दिई गुनासो तथा उजुरी सुनुवाई गर्ने व्यवस्था मिलाइएको छ । गुनासो सुन्ने अधिकारीको नाम र ठेगाना यस प्रकार रहेको छ ।

**गुनासो सुन्ने अधिकारीको नाम : श्री गोविन्द प्रसाद प्रसाई**

**सम्पर्क नं.** : ९७७-०१-५९७०००५, **मो.** ९७६३६८७७०२

**ईमेल** : govinda@centralfinance.com.np

**ठेगाना** : सेन्ट्रल फाइनान्स लिमिटेड, केन्द्रीय कार्यालय, कुपण्डोल ललितपुर ।

(ख) सूचना अधिकारी :

ग्राहक वर्गहरूलाई आवश्यक सूचना प्रदान गर्नका लागि हाल केन्द्रीय स्तरमा केन्द्रीय कार्यालयका उप-महाप्रवन्धकलाई सूचना अधिकारीको जिम्मेवारी समेत दिई आवश्यक सूचना प्रदान गर्ने व्यवस्था मिलाइएको छ । निजको नाम र ठेगाना यस प्रकार रहेको छ ।

**सूचना अधिकारी : श्री नारायण प्रसाद भट्टराई**

**सम्पर्क नं.** : ९७७-०१-५९७०००५, **मो.** ९७६७४७०५५७

**ईमेल** : narayan.bhattarai@centralfinance.com.np

**ठेगाना** : सेन्ट्रल फाइनान्स लिमिटेड, केन्द्रीय कार्यालय, कुपण्डोल ललितपुर ।

११. **ऐन, नियम, विनियम वा निर्देशिकाहरूको सूची**: सबै बैंक तथा वित्तीय संस्थाहरूले पालना गर्नुपर्ने हाल प्रचलनमा रहेका सम्पूर्ण ऐन, नियम, विनियम वा निर्देशिकाहरू यस वित्तीय संस्थाले पनि अक्षरस नै पालना गर्नुपर्ने र हाल देहायमा लेखिए बमोजिमका ऐन, नियम, विनियम वा निर्देशिकाहरू बैंकिङ्ग कार्य सञ्चालनका लागी प्रमुख रूपमा प्रचलनमा रहेका छन् ।

१) बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३
२) नेपाल राष्ट्र बैंक ऐन, २०५८
३) बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४) कम्पनी ऐन, २०६३
५) बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७) धितोपत्र सम्वन्धी ऐन, २०६३
८) सुरक्षित कारोवार ऐन, २०६३
९) मुलुकी देवानी संहिता ऐन, २०७४
१०) सूचनाको हक सम्वन्धी ऐन, २०६४
११) विनिमय अधिकारपत्र ऐन, २०३४
१२) विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ आदि ।
१३) श्रम ऐन, २०७४
१४) योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७५
१५) आयकर ऐन, २०५८
१६) मुल्य अभिवृद्धि कर ऐन, २०५२
१७) आर्थिक ऐन, २०८२
१८) आयकर ऐन २०५८ (संशोधन समेत) ।
१९) उपरोक्त ऐनहरू बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरू ।
२०) नेपाल राष्ट्र बैंकबाट जारी गरिएको सम्पूर्ण निर्देशिकाहरू ।

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण**: बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी प्रतिवेदन एवंम वार्षिक रूपमा अद्यावधिक गरि विवरणहरू राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको र संस्थाको वेवसाइट www.centralfinance.com.np मा समेत त्यस्ता विवरण राखिएको छ ।

१३. **तोकिए बमोजिमका अन्य बाँकी विवरण**: यस वित्तीय संस्थाले आवश्यकता बमोजिमका विवरणहरू नियमित रूपमा सम्बन्धित निकायहरूमा पेश गर्ने तथा सार्वजनिक प्रकाशन गर्ने व्यवस्था मिलाइएको छ ।

१४. **अघिल्लो आर्थिक वर्षमा आयोजित कार्यक्रमको विवरण**: मिति २०८२/९/३० मा आ. व. २०८१/८२ को २९ औं वार्षिक साधारण सभा गरिएको ।

१५. **सार्वजनिक निकायको वेसाइटको विवरण**: www.centralfinance.com.np

१६. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको विवरण**: यस वित्तीय संस्थाले ग्लोवल मनि विक २०२६ को अवसरमा प्रदेश १, २, ३ र ३ अन्तर्गत पर्ने ९ जिल्लाहरूमा (वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम, प्रभातफेरी कार्यक्रम) सञ्चालन गर्नुका साथै विभिन्न स्कूल तथा संस्थाहरू गरी ४९० जना सहभागीहरूलाई वित्तीय साक्षरता प्रदान गरेको ।

१७. **सार्वजनिक निकायले प्राप्त गरेको अन्य सहयोग विवरण**: नरहेको ।

१८. **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय**: यस आर्थिक वर्ष २०८२/८३ को चौथो त्रयमाश (२०८३ बैशाखदेखि २०८३ आषाढ मसान्तसम्म) यस संस्थामा सूचना माग सम्बन्धी कुनै निवेदन नपरेको ।

१९. **सार्वजनिक निकायका सुचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएमा सो को विवरण**: यस वित्तीय संस्थाको वार्षिक विवरणहरू पुस्तकको रूपमा तथा वित्तीय संस्थाको वेवसाईटमा समेत प्रकाशन गर्दै आईरहेको छ ।


**सेन्ट्रल फाईनान्स लिमिटेड**
**CENTRAL FINANCE LIMITED**
*Serving Your Financial Needs*

केन्द्रीय कार्यालय, कानदेवतास्थान, कुपण्डोल, ललितपुर, फोन नं. ०१-५९७०००५
Email : info@centralfinance.com.np , URL :www.centralfinance.com.np